# काठमाडौं विश्वविद्यालय

## काठमाडौं विश्वविद्यालयमा रिक्त हुन गइरहेको उपकुलपति नियुक्तिका लागि नाम सिफारिस गर्न गठित खोज तथा सिफारिस समितिको दरखास्त आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/९/१८)

काठमाडौं विश्वविद्यालयमा रिक्त हुन गइरहेको उपकुलपति पदमा नियुक्तिको लागि नाम सिफारिस गर्न गठित खोज तथा सिफारिस समितिबाट मिति २०८१/९/१७ मा स्वीकृत "काठमाडौं विश्वविद्यालयको उपकुलपति खोज तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८१" बमोजिम दरखास्त आह्वान गरिएको छ। इच्छुक तथा योग्य व्यक्तिले उक्त कार्यविधिको अनुसूची-१ मा उल्लेख गरिएको ढाँचा अनुसार यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १० (दश) दिनभित्र कार्यालय समयमा (११ बजे देखि ४ बजेसम्म) ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, बालकुमारी स्थित काठमाडौं विश्वविद्यालयको स्कूल अफ मेनेजमेन्टमा दरखास्त पेश गर्नु पर्नेछ। दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट दरखास्त दिन सकिनेछ। कार्याविधि सम्बन्धी विस्तृत जानकारी काठमाडौं विश्वविद्यालयको वेवसाइट (www.ku.edu.np) बाट प्राप्त गर्न सकिनेछ।